विधेयक संख्याः
मिति:

# आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषवाट रकम विनियोजन र खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८३

कोशी प्रदेश सभा सचिवालय

विराटनगर ।

# उद्देश्य र कारण

आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने सम्बन्धी अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा तथा कार्यको निमित्त विनियोजन गर्नसक्ने व्यवस्था गरेको छ।

यस विधेयकलाई अर्थ सम्बन्धी विधेयकको रुपमा प्रदेश सभामा पेश गरेको छु।

**विदुर कुमार लिंथेप**
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश

**<u>आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावना:</u>** आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम **"कोशी प्रदेश विनियोजन ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक वर्ष २०८३/८४ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:</u>** आर्थिक वर्ष २०८३/०८४ को लागि अनुसूची – १ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित रकम जम्मा **रु. ४०,४३,०२,५०,०००।- (अक्षरूपी चालीस अर्ब त्रिचालीस करोड दुई लाख पचास हजार मात्र**) मा नबढाई निर्दिष्ट गरिएबमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन:</u>** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को लागि अनुसूची – २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४ **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम आर्थिक वर्ष २०८३/०८४ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धिसहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गर्न सम्वत् २०८३ साल कार्तिक मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

तर, उक्त समयावधिभित्र बाँडफाँट हुन नसकिने मनासिव आधार र कारण भएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार बाँडफाँट गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएपश्चात त्यसको जानकारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

(५) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(७) उपदफा (६) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको आयोजना/कार्यक्रमको नाम वा ठेगानामा भएको सामान्य त्रुटि संशोधन गर्नुपर्ने भएमा सम्वन्धित स्थानीय तह वा वडा कार्यालय र सम्बन्धित कार्यालयहरुको दुई पक्षीय सहमतिमा आयोजना/कार्यक्रममा विनियोजित बजेटको लक्ष्य र उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न लेखा उत्तरदायी अधिकृतले निर्णय गरी पठाएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम संशोधन गरिदिन सक्नेछ।

(८) विनियोजन ऐनमा समावेश भएको संघ सशर्त, समपूरक र विशेष अनुदान बाहेकको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम संवत् २०८३ चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्नेछ।

(९) प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन। यसरी बचत हुने रकम सम्वन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्नु पर्नेछ।

तर मानव स्वास्थ्य, घरपालुवा पशुपंक्षीको स्वास्थ्य जस्ता अत्यावश्यक कार्यमा उक्त बचत रकम खर्च गर्नु पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई खर्च गर्न सकिनेछ।

(१०) प्रदेशका कुनै मन्त्रालय/अन्य निकाय वा अन्तर्गतका कार्यालयको संघीय सशर्त, समपूरक र विशेष अनुदान बाहेकका स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय वा अन्य निकाय अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गराउनुपर्ने भएमा कार्यान्वयन गर्ने निकायको कार्य जिम्मेवारी, कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा सुरुमा

विनियोजन भएका मन्त्रालय वा निकायका लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गराउनुपर्ने मन्त्रालय वा अन्य निकायको सहमति प्राप्त गरी कार्यान्वयन गराउनुपर्ने मन्त्रालय वा अन्य निकायको लेखा उत्तरदायी अधिकृतलाई संवत् २०८३ फागुन मसान्तभित्र अख्तियारी दिई कार्यान्वयन गराउन सक्नेछ।

तर, एउटै मन्त्रालय अन्तर्गतको एक कार्यालयबाट अर्को कार्यालयमा अख्तियारी प्रदान गर्नुपर्ने भएमा लेखा उत्तरदायी अधिकृतले निर्णय गरी अख्तियारी संशोधन गर्न सक्नेछ।

(११) उपदफा (१०) बमोजिम निर्णयसहित प्राप्त भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न सक्नेछ।

(१२) नेपाल सरकारबाट आर्थिक वर्षको बीचमा कुनै आयोजना वा कार्यक्रम तोकी वा नतोकी थप निकासा प्राप्त भएमा सम्बन्धित विषयगत मन्त्रालयले बजेट बाँडफाँट गर्ने निर्णय गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गर्न पठाउनुपर्नेछ।

(१३) प्रचलित कानून बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त गरी जुनसुकै प्रकृतिको अनुदान खर्च गर्दै आएको भए तापनि आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ र सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्त भित्र प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

५. **<u>रकमान्तर तथा स्रोतान्तर सम्बन्धी व्यवस्था:</u>** (१) दफा ३ बमोजिम अनुसूची – २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संकेतमा बचत हुने र कुनै अनुदान संकेतमा नपुग हुने देखिएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संकेतबाट अपुग हुने अनुदान संकेतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संकेतबाट अर्को एक वा एकभन्दा बढी अनुदान संकेतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संकेत भित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च शीर्षकमा विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) तलब, भत्ता जस्ता अनिवार्य दायित्व, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना वा कार्यक्रम, विपद् व्यवस्थापन र अत्यावश्यक काममा बाहेक सम्बन्धित आयोजना वा कार्यक्रमको सुरु विनियोजन रकमको शत प्रतिशत भन्दा वढी रकमान्तर थप गर्न पाइनेछैन।

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजन गरिएको रकम अन्य बहुवर्षीय आयोजना वा कार्यक्रम बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।

(ङ) एकपटक रकमान्तर गरी घटाई सकिएको आयोजना वा कार्यक्रममा रकमान्तर गरी बजेट थप गर्न पाइने छैन।

(च) आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजित रकम संवत् २०८३ फागुन मसान्त अगाडि रकमान्तर गरी घटाउन पाइने छैन।

(३) स्थानीय तहका लागि अनुदान संकेत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संकेतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए पनि अनुदान संकेत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संकेतमा निकासा र खर्च हुने हो सोही अनुदान संकेतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) तलव, भत्ता जस्ता अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षीय आयोजना वा कार्यक्रमको दायित्व व्यवस्थापन, विपद्/महामारी र अत्यावश्यक अवस्थामा बाहेक संवत् २०८४ जेठ २० पश्चात् रकमान्तर वा स्रोतान्तर गरिने छैन।

(६) लेखा उत्तरदायी अधिकृतले रकमान्तर गर्दा नयाँ आयोजना थप गर्न पाउने छैन।

६. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u> (१) अनुदान संकेत ८०१ को रकम कानूनबमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) अनुदान संकेत ८०१ को रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा संवत् २०८३ सालको असोज २ गते, मंसिर २ गते, फाल्गुन २ गते र २०८४ ज्येष्ठ २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजस्व सङ्कलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने समानीकरण अनुदान प्राप्त गर्न नसकेमा उपदफा (२)

बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम प्रदेश सरकारको राजस्व एवम् अनुदान प्राप्तिको अनुपात अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको कार्तिक १ गते, पौष १ गते, चैत्र १ गते भित्र र वार्षिक आर्थिक विवरण अगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र तथा उपदफा (३) बमोजिम प्रदेश सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण प्रदेश सरकारले निर्धारण गरेको समयमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा बुझाएमा वा विद्युतीय प्रणालीको प्रतिवेदनलाई मान्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको असोज २ गते हस्तान्तरण गर्नेछ।

(६) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँसभा र नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको कार्ययोजना बमोजिम भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको पौष १५ गते, बैशाख १५ गते, असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तसभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (५) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनुपर्नेछ।

(९) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नुपर्नेछ। स्थानीय तहलाई समपूरक अनुदानको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा अनुदान कार्यविधि बमोजिम प्रदेश सरकारले व्यहोर्ने हिस्सा भन्दा बढी नहुने गरी हस्तान्तरण गरिनेछ।

(१०) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशर्त र समपूरक अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षमा बाँकी भएकोमा सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

(१३) प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको सशर्त र समपूरक अनुदान मार्फत सञ्चालन हुने आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन। यसरी बचत हुने रकम सम्वन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(१४) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम/आयोजनामा रकमान्तर वा कार्यक्रम संशोधन हुने छैन।

तर, हस्तान्तरित कार्यक्रम/आयोजनाको विनियोजित बजेटको लक्ष्य, उद्देश्य तथा विनियोजित बजेटमा फरक नपर्ने गरी नाम वा ठेगानाको त्रुटि संशोधन गर्न सकिनेछ।

७. **आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश सरकारको निकायको रुपमा कार्यालय कोड दिई प्रचलित प्रदेश कानून बमोजिम रकम निकासा दिनुपर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको विषयगत मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गराउँदा लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिकोणले उपयुक्त हुने भएमा सम्बन्धित

मन्त्रालयले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा २०८३ पुष मसान्त भित्र वित्तीय हस्तान्तरण गर्न सकिनेछ।

तर, उक्त समयावधि भित्र वित्तीय हस्तान्तरण हुन नसक्ने मनासिव आधार र कारण भएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम हस्तान्तरण गर्न सकिनेछ।

(४) स्थानीय तहको आयोजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेश सरकारका निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विविध खातामा जम्मा हुने गरी निकासा दिन सक्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

(६) स्थानीय तहसँग साझेदारीमा कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरणमा प्राप्त कार्यक्रम स्वीकृत कार्यविधिको व्यवस्था बमोजिम स्थानीय तहलाई हस्तान्तरण गर्न सकिनेछ।

(७) प्रदेश मन्त्रालयगत वजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व सम्बन्धित विषयगत मन्त्रालय वा निकायले आयोजना वैंकमा प्रविष्टी सम्बन्धी सवै प्रकृया पुरा गर्नुपर्नेछ। आयोजना वैंकमा प्रविष्टि भएको आयोजना एकै आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी विनियोजित रकमको सीमाभित्र रही कार्यान्वयन गर्न सकिनेछ।

८. **<u>लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षणः</u>** (१) यस ऐन बमोजिम एक तहको वजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रूपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

९. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको राजस्व कानून बनाई खर्च गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) सन्तुलित वजेट तर्जुमा गर्ने तथा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रही दायित्व सिर्जना गर्ने,

(३) स्वीकृत वजेट र कार्यक्रममा समावेश भएको वाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति लिएर मात्र गर्नुपर्नेछ।

(४) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र अन्य प्रचलित संघीय तथा प्रदेश कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागु गर्नुपर्नेछ।

१०. **कानून विपरित विनियोजन भएको नमानिने:** (१) यस ऐनमा व्यवस्था भएको विषयमा यस ऐन बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिमको बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि तथा विनियोजनमा भएको त्रुटि आर्थिक मामिला तथा योजना मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ।

(३) यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानून बमोजिम पूरा हुनुपर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरीत विनियोजन भएको मानिने छैन।

११. **निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने:** (१) यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा सम्बन्धित मन्त्रालयले कार्यक्रम कार्यान्वयन मार्गदर्शन बनाउन सक्नेछ। त्यस्तो मार्गदर्शन स्वीकृत भएको मितिले सात दिनभित्र आफ्नो मन्त्रालयको वेबसाइटमा राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१२. **आवश्यक व्यवस्था गर्न सक्ने:** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संकेत | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश सभा सचिवालय | ३६८८ | ० | ३६८८ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ५८६२ | ० | ५८६२ |
| ३ | ६०२ | अर्थ विविध | १०००० | ० | १०००० |
| **जम्मा** | | | १९५५० | **०** | १९५५० |

अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान संकेत** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा सचिवालय | २४६३१२ | २०००० | | २६६३१२ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९६६३८ | २५०० | | ९९१३८ |
| ३ | २१६ | मुख्यन्यायाधिवक्ताको कार्यालय | २२३०० | ७०० | | २३००० |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५९६२०० | ३०७०० | | ६२६९०० |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १५६८१५४ | २३९०० | | १५९२०५४ |
| ६ | ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २२०७६८४ | २४१२२५ | | २४४८९०९ |
| ७ | ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ६२२९८२ | ५४३९२१८ | १५०००० | ६२१२२०० |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५९०००० | ३५१००० | | ९४१००० |
| ९ | ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५८३५६० | १४०९९०७ | | २९९३४६७ |
| १० | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५०८५०० | ११८४९६८० | | १२३५८१८० |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | १५५९०३९ | ३८२०० | | १५९७२३९ |
| १२ | ३७० | स्वास्थ्य मन्त्रालय | ३२७०७८४ | २९१२४३ | | ३५६२०२७ |
| १३ | ३९१ | प्रदेश योजना आयोग | ८४७०० | ४३०० | | ८९००० |
| १४ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ५०००० | ० | | ५०००० |
| १५ | ६०२ | अर्थ विविध | ९५९९५६ | १०५७३०० | | २०१७२५६ |
| १६ | ८०१ | स्थानीय तह | ५५५३५६८ | | | ५५५३५६८ |
| **जम्मा** | | | **१९५२०३७७** | **२०७५९८७३** | **१५००००** | **४०४३०२५०** |